# न्यूनतम ज्यालासम्बन्धी नयाँ प्रावधान

श्रमिकहरूका निम्ति महत्त्वपूर्ण जानकारी ।

कतार सरकारले न्यूनतम ज्यालाको प्रावधान अङ्गीकार गरेको छ र यो प्रावधान मार्च २०२१ बाट कार्यान्वयनमा आउने छ । कामदारहरू र तिनका परिवारका जीवनस्तरमा सुधार ल्याउनका निम्ति न्यूनतम ज्यालासम्बन्धी नयाँ प्रावधान ल्याइएको हो । यसले गर्दा देशमा झन् बढी दक्ष र उत्पादनशील जनशक्ति निर्माण पनि हुने छ ।

## नयाँ न्यूनतम ज्याला भनेको के हो ?

सन् २०२० मार्च देखि तपाईंको रोजगारदाताले कानुनअनुसार तपाईंलाई महिनामा कम्तीमा कतारी रियाल १००० बराबरको आधारभूत ज्याला दिनुपर्ने हुन्छ । साथै तपाईंले खाने तथा बस्ने राम्रो सुविधा प्रदान गर्नुपर्छ ।

यद्यपि, तपाईंले आफ्नो खाने तथा बस्ने व्यवस्था आफैं गर्न सक्नुहोस् भन्नका खातिर तपाईंको रोजगारदाताले तपाईंलाई न्यूनतम ज्यालाभन्दा बढी रकम भुक्तानी गर्न सक्छन् ।

त्यसैले, न्यूनतम ज्यालासम्बन्धी तीन वटा दरहरू छन् ।

- तपाईंको रोजगारदाताले राम्रो खाने तथा बस्ने व्यवस्था गर्यो अर्थात्, तपाईंले खाएको र बसेको शुल्क तिर्नु परेन भने तपाईंको रोजगारदाताले तपाईंलाई कम्तीमा पनि कतारी रियाल १००० बराबरको आधारभूत तलब दिनुपर्छ ।
- तपाईंको रोजगारदाताले राम्रो बस्ने सुविधा दियो तर खाना दिनुभएन भने तपाईंले कम्तीमा कतारी रियाल १००० को तलबका साथै कतारी रियाल ३०० भन्दा कम नहुने गरी खाना भत्ता प्राप्त गर्नुपर्छ । यस अवस्थामा, तपाईंले कम्तीमा पनि महिनाको कतारी रियाल १३०० प्राप्त गर्नुपर्छ ।
- तपाईंको रोजगारदाताले खाने वा बस्ने दुवै सुविधा दिएन भने तपाईंले कम्तीमा कतारी रियाल १००० को आधारभूत तलबसहित खाना भत्ता कम्तीमा पनि कतारी रियाल ३०० पाउनुपर्छ र बसोबासका लागि कम्तीमा पनि कतारी रियाल ५०० भत्ता पाउनुपर्छ। यस अवस्थामा तपाईंले कम्तीमा पनि महिनाको कतारी रियाल १८०० प्राप्त गर्नुपर्छ ।

## के न्यूनतम ज्यालाको प्रावधान कतारमा रहेका सबै श्रमिकका हकमा लागू हुन्छ ?

हुन्छ । श्रमिक जुनसुकै देशका भए पनि र उनीहरूले जुनसुकै क्षेत्रमा काम गरे पनि न्यूनतम ज्यालाको प्रावधान सबै श्रमिकका हकमा लागू हुन्छ ।यसमा घरेलु काममा लगाइएका महिला तथा पुरुष कामदार पनि पर्छन् ।

## यो न्युनतम पारिश्रमिक कहिलेदेखि कार्यान्वयनमा आउने छ?

यो न्युनतम पारिश्रमिक २० मार्च २०२१ देखि कार्यान्वयनमा आउने छ ।

## खाने र बस्नेसम्बन्धी न्युनतम सुविधाहरू के के हुन्छन् ?

तपाईंको रोजगारदाताले तपाईंलाई खाने बस्ने व्यवस्था उपलब्ध गराइरहेको छ भने उसले २०१४ को मन्त्रालयको निर्णय नं. १८ पालना गर्नु पर्ने हुन्छ । तपाईंको रोजगारदाताले तपाईंलाई खाना प्रदान गर्छ भने तपाईंले आफ्नो संस्कृतिसँग उपयुक्त हुने खालको, पौष्टिक र पर्याप्त क्यालोरी भएको खाना दिनको तीन पटक प्राप्त गर्नु पर्छ ।

## मैले ओभरटाइम काम गर्दा त्यसको हिसाबकिताब कसरी गरिने छ ?

मार्च २०२१ देखि ओभरटाइमको दर नयाँ आधारभूत ज्यालाभन्दा कम नहुने गरी राख्नुपर्छ । कर्मचारीको करारका सर्त अनुसार यो अझै बढी हुन सक्छ ।

श्रम कानुनको धारा ७४ अनुसार ओभरटाइमको दर निकाल्न तपाईंले नियमित रूपमा प्राप्त गर्ने प्रतिघण्टाको दरमा २५% थप रकम जोड्नुपर्छ ।

यद्यपि, तपाईं बिदाको दिनमा काम गर्नुभयो भने तपाईंले नियमित रूपमा प्राप्त गर्ने प्रति घण्टाको दरमा ५०% थप रकम प्राप्त गर्नुपर्छ ।

तपाईं सिफ्टमा काम गर्ने श्रमिक हुनुहुन्न र तपाईं २१:०० देखि ३:०० को बीचमा काम गर्नुहुन्छ भने तपाईंले नियमित रूपमा प्राप्त गर्ने प्रति घण्टाको दरमा ५०% थप रकम प्राप्त गर्नुपर्छ ।

## सेवा समाप्त हुँदा मैले प्राप्त गर्ने उपदानको हिसाब कसरी गरिन्छ ?

तपाईंको रोजगारीको करार मार्च २०२१ भन्दा पछि समाप्त हुन्छ भने सेवा समाप्त हुँदा दिइने उपदान नयाँ न्यूनतम ज्यालाभन्दा कम नहुने गरी हिसाब गरिनुपर्छ (श्रम कानुनको धारा ७२) ।

## मैले हालको आफ्नो करारअन्तर्गत अहिले नयाँ न्युनतम पारिश्रमिकभन्दा कम रकम प्राप्त गरिरहेको छु । के यो नयाँ कानुन मेरा हकमा लागू हुन्छ ?

नयाँ न्युनतम पारिश्रमिक कार्यान्वयनमा आएपछि तपाईंको करारमा जतिसुकै रकम उल्लेख गरिएको भए तापनि यो नयाँ कानुन तपाईंका हकमा लागू हुन्छ । २० मार्च २०२१ देखि तपाईंको करारमा कम रकम उल्लेख गरिएको भए तापनि तपाईंको रोजगारदाताले कानुनी रूपमै महिनाको कम्तीमा १,००० कतारी रियाल भुक्तानी गर्नु पर्ने हुन्छ ।

तपाईंले नयाँ पारिश्रमिक प्राप्त गर्नका लागि फेरि रोजगारदातासँग नयाँ करारमा हस्ताक्षर गरिराख्नु पर्दैन । यद्यपि, नयाँ कानुनअनुसार भुक्तानी र सर्तहरूमा गरिएका परिवर्तन रोजगारदाताले लिखित रूपमा उपलब्ध गराउनु राम्रो कुरा हो ।

## मैले यसअघि नै नयाँ न्यूनतम ज्यालाभन्दा बढी रकम प्राप्त गरिरहेको छु भने के यो कानुनले मलाई कुनै असर पर्छ ?

पर्दैन । यदि तपाईंको आधारभूत तलब, खान र बस्ने सुविधा कानुनअनुसार आवश्यक पर्नेभन्दा बढी नै छ भने तपाईंको रोजगारदाता तपाईंको तलब बढाउन बाध्य हुने छैन । तपाईंले थप तलब वा थप सुविधाका लागि कुराकानी गर्न सक्नुहुन्छ तर त्यसमा तपाईंको रोजगारदाता सहमत हुनुपर्छ ।

## के मेरो रोजगारदाताले मेरो तलब घटाएर नयाँ न्यूनतम तलब मात्रै दिन सक्छ ?

यदि तपाईंको रोजगारदाताले तपाईंको तलब घटाएर नयाँ न्यूनतम तलब मात्रै दिएमा यसलाई करारको उल्लङ्घन मानिने छ र तपाईंले उजुरी दर्ता गर्न सक्नुहुन्छ ।

रोजगारदाताले नयाँ कानुनलाई विद्यमान रहेको तलब घटाउने बहानाका रूपमा प्रयोग गर्न सक्दैनन् र विद्यमान करारभन्दा कम सुविधा दिने गरी सर्तहरू प्रस्तुत गर्न सक्दैनन् भन्ने कुरा मन्त्रालयको नयाँ आदेशको धारा ५ मा उल्लेख गरिएको छ ।

## मैले मार्च २०२१ पछि न्यूनतम ज्यालाभन्दा कम तलब पाइरहें भने मैले के गर्नुपर्छ ?

तपाईंले आफ्नो रोजगारदातासँग यो कुरा उठाउन सक्नुहुन्छ, र/वा तपाई प्रशासनिक विकास, श्रम तथा सामाजिक मामिला मन्त्रालयलाई यसबारे सूचना दिन सक्नुहुन्छ । तपाई आफैं उपस्थित भएर श्रम सम्बन्ध विभागमा उजुरी पेस गर्न सक्नुहुन्छ वा हटाइन (१६००८) वा इमेल(info@adlsa.gov.qa) मार्फत गुनासो गर्न सक्नुहुन्छ ।.